गढीमाई नगरपालिका, समनपुरको आठौं नगर सभामा
२०७९ साल असार ८ गते, बुधबार
नगर प्रमुख श्री श्याम प्रसाद यादवज्यूबाट पेश भएको

# आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेटको संक्षिप्त विवरण

गढीमाई नगरपालिका, समनपुर, रौतहट

आदरणीय नगर सभाका सदस्यज्यूहरु, यस नगरपालिकाका कर्मचारी वर्ग,

गढीमाई मन्दिर र राजदेवी मन्दिर भएको धार्मिक, साँस्कृतिक र प्राकृतिक मनोरमताले सुसज्जित रौतहट जिल्लाको पूर्वी मध्य द्धारका रुपमा रहेको गढीमाई नगरपालिकाको अर्थिक वर्ष ०७९/०८० को नीति, कार्यक्रम तथा बजेट यस ऐतिहासिक गरिमामय आठौ नगर सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभुति गरेको छु ।

यस नगरपालिकाको गरीमामय आठौ नगर सभामा उपस्थित नगर सभा सदस्यज्यू, नगरपालिका कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गढीमाई नगरपालिकाको आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट तयार प्रकृयाको हरेक चरणमा सहयोग गर्नुहुने कार्यापालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम छनौट तथा प्राथमिकिकरणमा सहयोग पूऱ्याउने आम नगरवासी तथा नगरपालिका कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मुलुक संघीय शासन प्रणालीमा प्रवेश भएसँगै यस नगरपालिकाले करिब साढे चार बर्षको पहिलो कार्यकाल समापन सँगै यस नगरभित्र केहि अनुभव, केहि विकास त केही सामाजिक सुधारका कार्य गर्न सफल भएका छौं । पहिलो कार्यकाल भएकोले यस अवधिमा स्थानीय तहलाई जनप्रतिनिधिले एउटा बाटो देखाउदै विकास एवम् समृद्धिको बाटोमा लाँदै पथप्रदर्शक नेतृत्व दिएको कुरा सर्वविदितै छ ।

यस नगरको पहिलो कार्यकालमा नगर क्षेत्रमा वैश्विक महामारीको रुपमा फैलिएको कोभिड-१९ को कहर, लामो समयसम्मको लकडाउन र निरन्तर बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप लगायतका कारण सृजित जटिलता एवम् प्रतिकुल वातावरणबाट आम नगरबासीको जीवण रक्षा गर्दै सामाजिक न्याय सहितको समृद्धिको लक्ष्य हासिल गर्न नगरका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्था, समाजका अगुवा व्यक्तित्वहरुको निरन्तर सक्रिय सहयोग एवम् सद्भाव र मेरो दृढ संकल्प तथा नेतृत्वले गर्दा यस नगरक्षेत्रमा विकास निर्माण लगायतका महत्वपूर्ण कार्यहरु गर्न हामी सफल भएका छौं ।

यस नगरपालिका अब दोश्रो कार्यकालमा प्रवेश गरेसँगै सम्पूर्ण विकासप्रेमि जनप्रनिधिज्यूहरु को दृढ संकल्प तथा यस नगरको बृहत्तर विकासको खाका निर्माणका लागि "गढीमाई नगर स्वच्छ, सफा र समृद्ध शहर" भन्ने सोचका साथ यस आ.ब. को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

सिमित श्रोत साधनका बावजुद पनि नगरवासीको आकांक्षालाई परिपूर्ति गर्न नगरपालिका भित्र रहेका विविध श्रोतको पहिचान गरी अत्याधिक आर्थिक श्रोतको परिकल्पना गरी यो नीति,

कार्यक्रम तथा बजेट तर्जुमा गरीएको छ । आम नगरवासी, उद्योगी, व्यवसायी लगायतको सहयोगबाट मात्र आसातित रुपमा वजेट कार्यान्वयन हुने भएको हुँदा सबैबाट सहयोगको अपेक्ष गर्दछु ।

**सदस्यज्यूहरु,**

"गढीमाई नगर स्वच्छ, सफा र समृद्ध शहर" भन्ने दिर्घकालीन सोच सहितको अर्थपूर्ण नाराले समग्र नगरको विकासका लागि वार्षिक योजनालाई निर्देशित गरेको छ । "सम्पूर्ण भौतिक पूर्वाधार युक्त शिक्षित साँस्कृतिक नगर" को रुपमा स्थापीत गर्ने लक्ष्य अनुरुप आ.व. २०७९/०८० को निम्ति तर्जुमा गरिएको नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकता क्षेत्रहरु देहाय वमोजिम रहेका छन् ।

प्राथमिकताका क्षेत्रहरु

- नगरका गौरव र महत्वका रुपमा रहेका विभिन्न योजनाहरुको साथै अधुरा योजनाहरुलाई निरन्तरता दिने नीति लिएको छु ।
- नगरका गौरवका योजना साथै अन्य ठूला योजनाहरु संघ, प्रदेश र विभिन्न विकास साझेदारहरुको लगानी तथा सहयोगमा सम्पन्न गर्ने नीति लिएको छु ।
- " **मेरो नगर म बनाउछु** " भन्ने नाराका साथ विद्यार्थी, युवा, नगरमा रहेका सम्पूर्ण सामाजिक संरचना, नागरिक समाज संस्था लगायतका सरोकारवाला निकायलाई परिचालन गरि स्वच्छ, सफा र हरियाली शहर निर्माणमा जोड दिने नीति लिएको छु ।
- शिक्षा क्षेत्रको समग्र विकासलाई प्रविधिमैत्रि बनाउन प्राविधिक शिक्षामा जोड दिन तथा क्रमश सम्पूर्ण विद्यालयमा अनिवार्य अंग्रेजी माध्यमा पठनपाठन गराउन आवश्यक व्यवस्था मिलाएको छु ।
- दलित, भूमिहिन, अव्यवस्थित तथा सुकुमबासीहरुको समस्या समाधानका लागि उच्च प्राथमिकताका साथ कार्य गर्न अगाडी बढाइने छ ।
- नगरबाट प्रवाह गरिने सेवामा डिजिटल प्रविधि, विधुतिय माध्यम लगायतका नविनतम प्रविधिको थप उपयोग गरिने नीति अवलम्बन गरेको छु ।
- यस नगरका सम्पूर्ण सडकलाई पूर्णरुपमा ढलान तथा कालोपत्रे सडक पूर्वाधार विकास गर्ने नीति लिएको छु ।
- शहरी आवास तथा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छु ।
- अव्यवस्थित ग्रामीण बस्तीलाई एकीकृत सघन बस्ती विकास गर्ने नीति लिएको छु ।

- खानेपानी, सरसफाई, नदी नियन्त्रण, वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।
- शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुदलाई प्राथमिकतामा राखेको छु ।
- सामाजिक सुरक्षा तथा सामाजिक विकासलाई प्राथमिकतामा राखेको छु ।
- पर्यटकिय पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छु ।
- कृषि उत्पादनलाई व्यावसायिकता, आधुनिकिकरण र औधोगीकरणमा जोड दिने नीति लिएको छु ।
- पशु तथा वन क्षेत्रको वृहत्तर विकासलाई प्राथमिकतामा राखेको छु ।
- यस नगरको संस्थागत सुशासन तथा मुस्कान सहितको सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छु ।
- यातायात तथा संचारक्षेत्रको वृहत्तर विकासलाई प्राथमिकतामा राखेको छु ।
- आन्तरिक आय र राजश्वको वृद्धि, प्रवर्द्धन तथा महत्तम परिचालन गरी राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाईने नीति लिएको छु ।
- नगरभित्रका सम्पदा तथा संस्कृति संरक्षण तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छु ।
- सिपमूलक तालिम तथा व्यक्तित्व विकासको माध्यमबाट नगरभित्र रोजगारी प्रवर्द्धन गने प्राथमिकतामा राखेको छु ।
- यस नगरलाई धुँवाधुलोमुक्त नगर बनाउने नीति लिएको छु ।
- नगर क्षेत्रमा शान्ति सुव्यवस्था तथा विकासमा जनसहभागितामूलक समावेशी विकास एवं समृद्धि कायम गर्ने नीति लिएको छु ।

**सदस्यज्यूहरु,**

उल्लेखित प्राथमिकताका आधारहरु हासिल गर्नको लागि निम्न लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तावना गरेको छु ।

## १. खानेपानी सरसफाई, वातावरण तथा विप्द व्यवस्थापन

- यस नगरभित्र स्वच्छ खानेपानी यस नगरपालिकाको प्रमुख चुनौती भएको कारण न.पा. भित्र रहेका खानेपानीको श्रोत पहिचान तथा सूचिकृत गरि खानेपानी व्यवस्थापनलाई विशेष प्राथमिकता दिईने छ ।

- यस गढीमाई नगरपालिका क्षेत्र भित्र शुद्ध, स्वच्छ तथा सफा खानेपानीको लागि व्यवस्था मिलाउन जोड दिइनेछ । विगतको खानेपानी योजना यस वर्ष सम्पन्न गरी संग्रामपुर, धर्मपुर, हरैया र सिंगारमन निर्माणाधिन योजना आगागी आ.व. भित्र सम्पन्न गर्ने तथा मदनपुर र इनर्वामा नयाँ खानेपानी योजना संचालन गरिनेछ । यी योजनाहरु पुरा भई नगरवासीले स्वच्छ खानेपानीको सुविधा उपभोग गर्न सक्नेछन् ।
- नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुको सरसफाईका लागि अभियान संचालन गरिनेछ ।
- सडक सौर्य वति अभियानलाई निरन्तरता दिई नगरका सबै वडामा सौर्यवति व्यवस्था गरी वडा कार्यालय र नगरपालिका कार्यालयमा सोलार बत्ति जडान गरिनेछ ।
- गढीमाई नगरपालिकालाई धुँवाधुलो मुक्त नगर बनाउनलाई प्रत्येक घरधुरीलाई एक एक वटा इन्डक्सन चुल्हो वितरण गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरलाई संकलन गरि व्यवस्थित रूपमा विसर्जन गर्न नगरपालिका क्षेत्रमा कृयाशिल संघसंस्थाहरू संग सहकार्य गर्ने तथा फोहर संकलन लाई व्यवस्थित गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूप वमोजिम यस नगरपालिका वातावरणमैत्री नगर निर्माणका लागि नीति नियम बमोजिमको कार्यलाई तिव्रताका साथ अगाडी बढाईनेछ ।
- सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यस गढीमाई न.पा. दैविक प्रकोप उद्धार कार्यको लागि लाइफ ज्याकेट लगायत दैविक प्रकोप उद्धार सामग्री खरिदका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- प्लाष्टिक तथा रवर जन्य पदार्थ जथाभावी जलाउने वा फयाक्ने कार्यलाई नियन्त्रण गरीने छ ।
- विपतको पूर्वतयारी योजना तर्जुमा गरी गठन भएका स्थानिय विपद् व्यवस्थापन समितिलाई गठन गरी क्रियाशिल बनाइनेछ ।
- विपद् व्यवस्थापनमा सहयोग तथा राहत वितरणको लागि व्यवस्थापन कोष खडा गरिनेछ ।
- सवै वडाहरूमा विपद् व्यवस्थापन विषयमा सचेतना अभियान तालिमको व्यवस्थापन गरिने छ ।
- “ शुन्य खर्चमा फोहर व्यवस्थापन, हाम्रो आगन हाम्रो कर्तव्य ” भन्ने अभियान सञ्चालन गरिनेछ ।
- नक्सापासमा दुई वटा विरूवा रोप्नु पर्ने अनिवार्यतालाई निरन्तरता दिइने छ ।
- नगरस्तरीय वन तथा नर्सरी खोली विरुवा रोप्नु पर्ने परीपाटीलाई निरन्तरता दिइनेछ ।

## २. शहरी आवास तथा भौतिक पूर्वाधार विकास तर्फ

- तिव्र शहरीकरणलाई व्यवस्थित तथा निर्माण हुने संरचनाहरू मापदण्ड वमोजिम हुने कानुनी व्यवस्थालाई अनिवार्य गरिने छ ।
- नगरपालिकाले मापदण्ड अनुसार नयाँ ट्र्याक खोल्ने तथा भएका बाटोहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नती गर्ने कार्यमा विशेष प्राथमिकता दिइनेछ ।
- योजना संचालन पूर्व उपभोक्ता समितिहरूलाई योजना संचालन सम्वन्धी तालिम अनिवार्य रूपमा दिईने ।
- नगरको गौरवको आयोजनाका रुपमा नगरक्षेत्र समेटिने गरी एउटा चक्रपथ निर्माण कार्यका लागि आवश्यक अध्ययन तथा निर्माण कार्य अगाडी बढाइनेछ ।
- शहरीकरणको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरूको निर्माण कार्यको व्यवस्थिकरण गरि सोहि बमोजिम योजना तथा कार्यक्रम छनौट गरिने ।
- ईलाका प्रहरी कार्यालय समनपुर रौतहटको भवन जिर्न अवस्थामा रहेको र सो निर्माण कार्य गर्न अति आवश्यक देखिएकोले सो भवन मर्मत संभार लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ ।
- यस न.पा. अन्तर्गत वार्ड नं ६ सिगारमन धर्मपुर स्थित रौतहट सर्लाहीलाई जोडने सेतुको रुपमा रहेको सिगारमन धर्मपुर बागमती पुलको पुर्व रहेको नयाँ बाटो निर्माण कार्य भई सकेकोले सो सडकलाई सम्बन्धीत निकायको सहकार्यमा स्तरउन्नती गरिनेछ ।
- सार्वजनिक निजी साझेदारीका आधारमा संचालन गर्न सकिने आयोजनाहरूको पहिचान तथा मागको आधारमा कार्यान्वयन गर्ने निति लिएको छु ।
- नगरवासीको आवश्यकता र चाहनालाई केन्द्र विन्दुमा राख्दै उपभोक्ताको अत्याधिक श्रमदान/योगदान हुन सक्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- महिला वा दलित समूदायको व्यक्तिहरू मात्र समावेश भई गठन भएको उपभोक्ता समितिबाट संचालित योजना समयमानै सम्पन्न गर्ने उत्कृष्ट उपभोक्ता समितिलाई बार्षिक रूपमा विनियोजित वजेटको ५ प्रतिशतले हुन आउने रकम मर्मत सम्भार कार्यका लागि पुरस्कार स्वरूप उक्त उपभोक्ता समितिलाई अनुदानको रूपमा उपलव्ध गराईने ।
- नगरपालिका क्षेत्रमा रहेको सडकहरुको वर्गीकरण गरी यात्रु प्रतिक्षालय सहितको सडक विस्तारमा जोड दिइनेछ ।
- यस नगरपालिकामा सुविधा सम्पन्न अस्पताल तथा प्राविधिक शिक्षालय निर्माणमा पहल गरिने ।
- गढीमाई नपा ८, बरियारपुर, मलाहीटोलमा दुर्गा माताको मन्दिर निर्माण गरिनेछ ।

- यस नगर क्षेत्रमा प्रवेश गरिने मुख्य नाकाहरुमा प्रवेशद्धारको निर्माण गरिनेछ ।
- समनपुर-गरुडा सडक र हरैया-समनपुर-सिगारमन सडक विस्तारको कार्य भइसकेकोले उक्त सडकहरुलाई कालो पत्र गराउन सम्बन्धीत निकायमा पहल गरी पूरा गर्ने व्यवस्था मिलाएको छु ।
- समनपुर र धर्मपुरस्थित बागमती नदीमा रहेको रौतहट सर्लाही जोडने पुलमा प्रवेश द्धार निर्माण गरिनेछ ।
- गढीमाई नपा ३, लक्ष्मीपुरमा मुसहर समुदायका लागि एकीकृत मुसहर बस्ती निर्माण गरिनेछ ।
- गढीमाई नपा ८, सितलीमाई चोकमा एउटा प्रतिक्षालय निर्माण गरिनेछ ।
- नगरभित्रका बजारहरुलाई व्यवस्थित गर्न नगर विकास कोषको सहयोग तथा समन्वयमा उत्कृष्ट तथा व्यवस्थित बजार बनाइनेछ ।
- आँखा र कानको उपचारका लागि सम्बन्धित निकाय तथा संघ संस्थासँगको सहयोग तथा समन्वयमा एउटा आँखा तथा कान उपचार केन्द्रको स्थापना गरिनेछ ।
- यस नगरक्षेत्र भित्र विवाह जस्तो सामाजिक कार्यमा सेवा तथा व्यवस्थित गर्न एउटा विवाह मण्डपको निर्माण गरिनेछ ।

## ३. शिक्षा स्वास्थ्य तथा युवा खेलकुद

- नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, मदर्सा र क्याम्पसको गुणस्तरिय शैक्षिक स्तरमा एकरूपता कायम गर्न सहकार्य गरिनेछ ।
- सामुदायिक विद्यालयहरूलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने तथा पुर्वाधार विकासमा सहयोग गर्ने नितिलाई निरन्तरता दिईने छ ।
- यस नगरभित्रका सम्पूर्ण विद्यालहरुको भौतिक संरचनाको आवश्यकता अनुसार स्तरोन्नती गरिनेछ ।
- यस नगरभित्रका सम्पूर्ण विद्यालयहरुलाई नेपाल सरकारले तोके बमोजिमको रंगमा रंगरोगन गरिनेछ ।
- निरक्षरता उन्मूलन राष्ट्रिय नीतिको पूर्णताका लागि यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न आवश्यक क्रियाकलाप संचालन गरिने छ ।
- शिक्षा जिवनको ज्योति हो भन्ने भावना जागृत गराई विद्यालयमा पहुंच नभएका प्रत्येकवालवालिकाले पढ्न पाउने अधिकारलाई सूनिश्चित गर्न पहल गरिनेछ ।

- सरकारी तथा सामुदायिक विद्यालय तथा कलेज प्रति आकर्षण वढाउन नगरपालिका तर्फबाट गरिनुपर्ने कार्यका बारेमा सम्वन्धित पक्षसंग सहकार्य तथा सहयोग गरिने छ ।
- वालकक्षा संचालन तथा सम्वर्धनमा नगरपालिकाबाट वार्षिक रूपमा पू्¥याउँदै आएको आर्थिक अनुदान सहयोगलाई निरन्तरता दिइनेछ ।
- निजामती एवं अन्य सरकारी निकायको सेवा प्रवेशकालागि लोक सेवा तयारी कक्षा संचालन गरिने छ ।
- बाज्जिका भाषामा अध्ययन अध्यापन गराउन कक्षा १ देखि ५ सम्मको विद्यालय संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- बेरोजगारीलाई ध्यान दिदै यूवा यूवतीहरूको आर्थिक शिप विकास हुने स्वरोजगारी मूलक तालिम संचालनमा प्राथमिकता दिईनेछ ।
- शिक्षक पुनर्ताजगी तालिमको व्यवस्थापन गरिनेछ ।
- अनिवार्य शिक्षक परिचय पत्रको व्यवस्थापन गरिनेछ ।
- विद्यार्थीहरुको लागि नगर स्तरीय अतिरिक्त क्रियाकलापको व्यवस्थापन गरिनेछ ।
- शौशिक क्यालेण्डर निमार्ण गरिनेछ ।
- नगर स्तरीय सर्वोत्कृष्ट विद्यार्थीको लागि पुरस्कारको व्यवस्थापन गरिनेछ ।
- छात्रावृती व्यवस्थापन गरिनेछ ।
- श्री मा.वि. बिरनगरामा कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यममा कक्षा सञ्चालनको व्यवस्थापन गरिनेछ ।
- मेयर अधियान अन्तर्गत बेटी पढाउ बेटी बचाउ अभियान सम्पूर्ण विद्यालयमा सञ्चालनको व्यवस्थापन गरिनेछ ।
- शैक्षिक अवलोकन भ्रमणको व्यवस्था  गरिनेछ ।
- दिवा खाजा सञ्चालनको लागि अग्रिम पेश्कीको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयको कार्यालयमा कम्प्यूटर तथा प्रिन्टरको व्यवस्था गरिनेछ ।
- आवश्यकता अनुसार निजि श्रोतबाट तहगत शिक्षक व्यवस्थापन न.पा. बाट गरिने छ ।
- किशोरी शिक्षा कार्यक्रममा जोड दिईनेछ ।
- संस्थाहरूको स्तरोन्नती एवं स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय वनाउन आवश्यक समन्वय, सहकार्य र प्रभावकारी अनुगमनको व्यवस्था गरिने छ ।
- नगर क्षेत्रमा रहेको स्वास्थ्य संस्थाहरूको लगत संकलन गरि सेवा सुविधामा एक रूपता ल्याउन पहल गरिनेछ ।

- गढीमाई नपा ८ मा अवस्थित श्री मा. वि. बिरनगरालाई जग्गा दाताको नामबाट नामाकरण गरिनेछ ।
- नगरवासीलाई स्वास्थ्य उपचारमा समान पहुचको अवस्था श्रृजना गर्न पहल गरिनेछ ।
- संचालित विशेषज्ञ/डाक्टरी सेवा लाई निरन्तरता दिदै थप सेवा उपलब्ध गराउनका लागि विशेष आर्थिक प्याकेज सहित स्वास्थ्य चौकीबाट सेवा संचालन हुने व्यवस्था मिलाइनेछ ।
- गढीमाई नगरपालिका भित्र खेलकुद विकासका निम्ती खेलमैदान तथा संरचनाको विकास गरिनेछ ।
- गढीमाई नपा ८ मा अवस्थित श्री मा. वि. बिरनगरालाई भौतिक पूर्वाधार तथा गुणस्तरिय शिक्षायुक्त नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- गढीमाई नगरपालिका भित्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलसंग सम्वन्धित व्यक्तित्वहरूलाई प्रोत्साहन स्वरूप सम्मान लगायतका विशेष कार्यक्रमहरू आयोजना गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसन विरूद्ध चेतना मूलक कार्यक्रम विद्यालय स्तर देखिनै संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- रोजगारीका लागि विदेशीने प्रवृतिलाई निरूत्साहित गर्न रोजगार मूलक, सिप मूलक तालिम कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- प्राविधिक शिक्षालय स्थापना तथा पूर्वाधार निर्माणका लागि सम्बन्धीत निकायमा पहल गरिनेछ ।

## ४. सामाजिक सुरक्षा तथा सामाजिक विकास

- लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुच एवं शसक्तीकरणमा विशेष जोड दिईने छ ।
- स्थानीय निकाय लैगिक उत्तरदायी तथा समावेशी वजेट तर्जुमा एवं परिक्षण गर्ने कार्यलाई प्रभावकारीरूपमा संचालनमा ल्याईनेछ ।
- हिंसा पिडित र अपाङ्ता भएका वालवालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगरभित्रका अपाङ्ता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारका सामाग्री वितरण गरिनेछ ।
- वृद्धाआश्रम संचालन तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।
- हाल विद्यमान जातिय भेदभाव छुवाछुत लगायत विसंगति, कुरितीलाई निरुत्साहित पार्न प्रभावकारी कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

- नगरपालिका भित्रका उत्पीडित वर्ग समुदायलाई विकासको मूल धारमा ल्याउन क्षेत्र र वर्गको पहिचान गरि उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।
- नगरपालिकालाई वालमैत्री नगर वनाउन वालमैत्री स्थानीय शासन सम्वन्धी रणनितिक योजना अनुसार अन्य साझेदार संगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरूको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान तथा देव दर्शनको कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
- वृद्धवृद्धालाई आफ्नो घरमा सुरक्षीत रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको पूर्ण सुरक्षाको निम्ति सामुदायिक प्रहरीको व्यवस्थापनको लागि विशेष पहल गरिनेछ ।
- यस न.पा. भित्रका कुनै पनि नागरिक, उच्च शिक्षा (अप्राविधिक तथा प्राविधिक) अध्ययन गर्ने अति विपन्न गरिव जेहन्दार विधार्थीको लागि आर्थिक सहयोग गर्ने व्यवस्था मिलाएको छु ।
- न.पा.को वृहत्तर हितका निम्ति सवै राजनीतिक दल, वर्ग समूदायहरूलाई नपाको चौतर्फि विकासमा प्रभावकारी भूमिका निर्वाह गराउन विशेष आग्रह तथा पहल गरिनेछ ।
- यस गढीमाई न.पा. वार्ड नं.१ देखि ९ सम्म कृषि कार्यका लागि कृषि मिटर निशुल्क प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारको वृत्तिविकास, सिपविकास, क्षमता विकास लगायतका क्षेत्रहरूमा यस नपाबाट विभिन्न कार्यक्रम आयोजनागरिनेछ ।
- यस न.पा.को प्रत्येक कार्यपद्धतिमा महिलाको हक अधिकारलाई सुनिश्चित गरिनेछ ।
- वेरोजगार युवालाई प्राविधिक सिप सिकाई रोजगारी प्रदान गर्न माग अनुसारको प्राविधिक तालिमको व्यवस्था मिलाइनेछ ।

## ५ पर्यटकीय पूर्वाधार विकास

- बागमती नदिको नजिकको क्षेत्रमा ताल तथा पार्कको निर्माण गरि तालजन्य पर्यटनको विकास गरिनेछ ।
- पौराणीक, ऐतिहासीक धरोहरले भरिपूर्ण यस नगरपालिकालाई पर्यटकिय साँस्कृतिक नगरी वनाउन स्पष्ट खाका तयार पारिनेछ ।

- यस न.पा.को नाम गढीमाईको नामले जोडिएको हुँदा गढीमाई मन्दिरलाई व्यवस्थित बनाई प्रशिद्ध धार्मिक स्थलको रुपमा चिनाइने छ ।
- न.पा. क्षेत्र अर्न्तगत पौराणीक तथा ऐतिहासिक चोक, वस्ती तथा अन्य स्थानहरुको पहिचानको निम्ति नाम सहितको लोकेसन म्याप र सडक साइनवोर्ड राख्ने कार्यको थालनी गरिनेछ ।

## ६ कृषि पशु तथा वन

- विभिन्न निकाय तथा संघ संस्थाहरुको सहयोग तथा समन्वयमा गढीमाई नपा भित्रका कृषि उपजलाई समयमै उचित बजार मूल्य प्रदान गर्नका लागि एउटा एकीकृत कृषि बजारको निर्माण तथा व्यवस्थापन गरिने छ ।
- कृषिमा आधारित यस नगरका कृषकहरुलाई आवश्यकता अनुसार विभिन्न कुषि प्रविधि तथा विधिको अध्ययन अवलोकन गराई कुषि क्षेत्रको स्तरोन्नति गरिनेछ ।
- पशु बजार व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- जग्गा वाँझोफ्न राख्ने प्रवृतिलाई निरूत्साहित गरिनेछ ।
- तरकारी र फलफुल खेतीको लागि जोड दिइनेछ।
- न.पा. क्षेत्रको उपयुक्त स्थानमा एकिकृत तरकारी तथा फलफुल बजारको विकासको लागि चालु आ.व.मा नै अध्ययन गरी तरकारी तथा फलफुल बजारको स्थापना गरिनेछ । .
- न.पा. भित्रका पशु व्यवसायको सुचिकृत गरि विना इजाजत संचालित व्यवसायलाई नियमानुसारइजाजत दिई करको दायरामा ल्याइनेछ ।
- न.पा. क्षेत्रभित्र रहेका पशुवध स्थल तथा मासु पसलहरूले अनिवार्य रूपमा नगरपालिकाबाट स्वीकृति लिई तोकीएको मापदण्ड पूरागरी मात्र व्यवसाय गर्न दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र उपयुक्त क्षेत्र पहिचान गरि वृक्षारोपणको कार्य थालनी गरिनेछ ।
- नगरपालिका क्षेत्रका सम्पूर्ण सडक पेटीमा आ.व. २०७९/०८० भित्रविरूवा रोप्ने कार्य अगाडि वढाइनेछ ।
- एक घर दुई विरूवाको नीति कडाइका साथ लागु गरिनेछ ।
- सार्वजनिक जग्गाको लगत खडा गरि सो जग्गा अतिक्रमण हुन नदिन सार्वजनिक सरकारीस्थल जग्गामा ट्याग सहितको संकेत राख्ने कार्यको थालनी गरिनेछ ।
- गढीमाई न.पा.को सवै वडाहरुमा कृषि पशु कार्यक्रम किसानहरुलाई आत्म निर्भर वनाउन कृषि खेति पशु पालन कार्यको लागि विभिन्न संघ संस्था तथा न.पा.को आर्थिक सहयोगमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

- यस न.पा. अन्तर्गत वार्ड नं १ देखि ९ सम्मका मुख्य सडकमा निजी वन वृक्षारोपण, निजी वन कृषि कार्यक्रम , ऐलानी पर्ति जग्गामा वृक्षारोपण, नहर साइड वृक्षारोपण , नर्सरी स्थापना लगायत कार्यका लागि व्यवस्था मिलाएको छु।

## ७. यातायात तथा संचार तर्फ

- नगरपालिकाका प्रमुख तथा सहायक मार्गलाई क्रमश स्तरउन्नती गरिदै लगिनेछ।
- मुख्य बाटोहरुमा सडक सौर्य वत्तीहरुको व्यवस्थाका लागि पहल गरिनेछ।
- यस नगरभित्रबाट देशका मुख्य शहरहरु सम्म लामो तथा छोटो दुरीका यातायात सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।
- सडक पानी निकास सहितको वाटो स्तर उन्नती गरिने कार्यलाई प्राथमिकता दिइनेछ।
- अति व्यस्त सडक खण्ड चोकमा सि.सि. टिभि क्यामरा जडान गर्ने कार्यमा पहल गरिनेछ।
- न.पा.का प्रमुख वजार क्षेत्रमा निःशुल्क वा सःशुल्क रूपमा व्यवस्थित पार्किङ तथा सार्वजनिक शौचालय निर्माणमा पहल गरिनेछ।
- बाटो सडकमा व्यक्तिगत घरको निकासा खुल्ला रुपमा राख्ने प्रवृतिलाई दण्ड सहित निषेध गरिनेछ।

## ८. कार्यालय सञ्चालन तथा सेवा प्रवाह

- सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनीय वनाउदै शुसासन कायम राख्न नागरिक वडा पत्र,सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,गुनासो सुन्ने र सुचना प्रवाहीकरणलाई थप प्रभावकारी वनाईने छ।
- योजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाई सकृय तथा थप विश्वासिलो वनाईने छ।
- नगर सूचना केन्द्रलाई व्यवस्थीत गरिने छ।
- सवै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतिय शासन प्रणालि अवलम्वन गरिने छ।
- कर्मचारिहरुको क्षमता अभिवृद्धि गरि सेवा प्रवाह चुस्त राख्न आवश्यकता वमोजिमका तालिम र कार्यक्रम सञ्चालन गरिने छ।
- CCTV जडान, IT मैत्री कार्य प्रणाली, वडा तथा न. पा. कार्यालयमा नेटवर्किड्ग, मोवाइल एप्स, इ.वि.पी.सिष्टम र Online Service मा जोड दिइनेछ।

## ९. आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालन तर्फ

- दिगो र भरपर्दो आयका श्रोतहरुबाट राजश्व संकलन तथा समुचित परिचालनबाट मात्र समृद्ध नगरपालिका निर्माणमा टेवा पुग्ने भएकोले नगरपालिका क्षेत्रका करका दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करको दायराा ल्याईने छ ।
- करको दायरामा परी कर तिर्न अटेर गर्ने लाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुने व्यवस्था मिलाईने छ ।
- कर समयमानै वुझाउन आम नगरवासीमा प्रचार प्रसार तथा कर सम्वन्धी कार्यक्रमको आयोजना गरिने छ ।
- हालको कर प्रणलीलाई सुधार गर्दै कम्प्युटर प्रणालीमा लगिनेछ ।

## १०. सम्पदा तथा संस्कृति संरक्षण

- आदिवासी जनजातीहरूको परम्परागत शिप तथा पेशालाई आधुनिकिकरण गर्दै नया शिप तथा रोजगारिका निम्ति अभिप्रेरित गरिनेछ ।
- नगरपालिका क्षेत्रका विभिन्न मठ मन्दिरमा नियमित हुने भजन कीर्तन तथा पूजापाठ समारोहलाई थप प्रभावकारी वनाउन पहल गरिनेछ ।

**सदस्यज्यूहरु,**

गढीमाई नगरपालिकालाई व्यवस्थीत, सुन्दर एवं ऐतिहासिक नगरपालिका निर्माण गर्ने प्रमूख उद्धेश्यलाई आत्मसात गर्दै लक्ष्य प्राप्तीका निम्ती सहभागितामुलक योजना तर्जुमा पद्धतिको मुल्य मान्यता अनुरुप राष्ट्रिय योजना आयोगको योजना तथा वजेट तर्जुमा सम्वन्धि मार्ग दर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दिग्दर्शन लगायतका आधारमा आगामी आ व. २०७९/०८० को लागि यस गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**नगर सभा सदस्यज्यूहरु,**

**अब म यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट बिनियोजनको संक्षिप्त व्योहोरा प्रस्तुत गर्नेछु ।**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि जम्मा रु ६५,६२,९५,००० ।-(अक्षेरेपी रु पैसठी करोड बासठी लाख पन्चान्बे हजार मात्र) बजेट बिनियोजन गरेको छु जस मध्ये चालु तर्फ रु ३४,८७,५८,०००।-(अक्षरेपी रु चौतिस करोड सतासी लाख अन्ठाउन्न हजार

मात्र) र पुंजीगत तर्फ रु ३०,७५,३७,०००।- (अक्षरेपी रु तीस करोड पचहतर लाख सैतिस हजार मात्र) बजेट बिनियोजन गरेको छु ।

आउँदो आ.ब. २०७९/०८० का लागि खर्च व्यहोर्ने श्रोततर्फ आन्तरिक आय रु १०,००,००,००० ।- (अक्षरेपी रु दस करोड मात्र), मालपोत रोयाल्टी तर्फ रु २,००,००,०००।- (अक्षरेपी रु दुई करोड मात्र), संघीय सरकारको समानिकरण अनुदान तर्फ रु १३,३२,००,००० ।- (अक्षरेपी रु तेरह करोड बतिस लाख मात्र), संघीय सरकारको सशर्त अनुदान तर्फ रु २५,६३,००,०००।- (अक्षरेपी रु पचिस करोड त्रिसठी लाख मात्र), संघीय सरकारको विशेष अनुदान तर्फ रु १,००,००,००० ।- (अक्षरेपी रु एक करोड मात्र), संघीय सरकारको समपुरक अनुदान तर्फ रु १,५०,००,००० ।- (अक्षरेपी रु एक करोड पचास लाख मात्र), संघीय सरकारको राजस्व बाँडफाँड तर्फ रु १०,०८,५८,००० ।- (अक्षरेपी रु दस करोड आठ लाख अन्ठाउन्न लाख मात्र), त्यसैगरी मधेश प्रदेश सरकारको समानिकरण अनुदान तर्फ रु ९४,३७,०००।- (अक्षरेपी रु चौरान्नबे लाख सैतिस हजार मात्र), मधेश प्रदेश सरकारको विशेष अनुदान तर्फ रु ३०,००,०००।- (अक्षरेपी रु तीस लाख मात्र), मधेश प्रदेश सरकारको समपुरक अनुदान तर्फ रु २०,००,०००।- (अक्षरेपी रु बिस लाख मात्र), र मधेश प्रदेश सरकारको राजस्व बाँडफाँड तर्फ रु ६५,००,०००।- (अक्षरेपी रु पैसठी लाख मात्र) रहेको छ ।

**आदरणीय सदस्यज्यूहरु,**

अन्त्यमा म यस नगरको आठौ नगर सभालाई सफल पार्न आआफ्नो तर्फबाट सहयोग गर्ने सबै जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, नागरिक समाज, संचार क्षेत्र, तथा सम्पूर्ण गढीमाई नगरबासीमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यबाद ।**

मिति : २०७९।०३।०८ गते बुधबार